# करारनामा

(निर्माता र लेखक)

मिति:

लिखितम् का.जि.का.म.न.पा. वडा नं. ......, ........................., काठमाडौंमा कम्पनी रजिष्टार्ड कार्यालय दर्ता भएको....................................................प्रा.लि. (प्रा.लि.नं. ......................................)को तर्फबाट अख्तियार प्राप्त संचालक, जिल्ला .............................. म.न.पा./उप म.न.पा./न.पा./गा.पा. .............................. वडा नं.–........ स्थाई घर भई हाल ..........................................वडा नं. ........., ....................., .........................‍ बस्ने श्री ........................................... (जसलाई यसपछि यस सम्झौतामा प्रथम पक्ष भनि संवोधन गरिएको छ) र जिल्ला ............................. म.न.पा./उप म.न.पा./न.पा./गा.पा. ......................................... वडा नं ....... स्थाई ठेगाना रही हाल ................. बस्ने (ना.प्र. नं. ....................................) भएका श्री .............................. ( जसलाई यसपछि यस सम्झौतामा दोस्रो पक्ष भनि संवोधन गरिएको छ) बिच तपसिलमा उल्लेखित शर्तहरु पालना गर्न सहमत भई प्रथम पक्षले निर्माण गर्न लागेको .........................................नामक नेपाली कथानक चलचित्रमा **चलचित्र लेखक (कथा, पटकथा, संवाद**)को रुपमा काम गर्न–गराउन मञ्जुर भएकोले मुलुकी देवानी संहिता २०७४ को करार तथा अन्य व्यवस्थाको अधिनमा रही मुलूकी देवानी कार्यविधि संहिता २०७४ को दफा ..... बमोजिम म.न.पा/उ.म.न.पा/न.पा./गा.पा. वडा नम्बर........... को कार्यालयको रोहवरमा सही छाप गरि .......................................प्रा. लि.को कार्यालय ......................, काठमाडौंमा बसी यो सम्झौतामा सहीछाप गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

## तपसिल

१. प्रथम पक्षले निर्माण गर्न लागेको नेपाली कथानक चलचित्र .....................................मा द्धितिय पक्षले **चलचित्र लेखक (कथा, पटकथा, संवाद**)को भूमिकामा रही काम गर्न द्धितियपक्ष र उक्त भुमिकामा काम गराउन प्रथमपक्ष मञ्जुर गर्दछौं ।

२. दोस्रो पक्षले प्रथम पक्षलाई दिने स्कृप्ट पूर्ण रुपमा नयाँ, कतैबाट कुनै दृष्य वा संवाद नचोरिएको हुनुपर्नेछ । यदि दोस्रो पक्षले प्रथम पक्षलाई बुझाएको स्कृप्टको फाइनल ड्राफ्टमा कहिँ कतैबाट कुनै दृष्य वा संवाद चोरिएको पाइएमा र त्यस्तो दृष्य वा संवाद आफ्नो हो भनी कुनै तेस्रो पक्षले दावी गरेमा एकल रुपमा दोस्रो पक्ष जिम्वेवार हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

३. चलचित्रमा तोकिएको भूमिकामा काम गरेबापत दोस्रो पक्षलाई प्रथम पक्षले पारिश्रमिक बापत रु. ....................................(अक्षररुपी ...............................................................मात्र) लिन दिन मञ्जुर गरेको हुँदा, उक्त रकम मध्येबाट सम्झौता गर्दाको समयमा ................प्रतिशत, स्कृप्टको पहिलो पूर्ण खाका पेश गरेपछि .................. प्रतिशत र स्कृप्टको फाइनल ड्राफ्ट प्रथम पक्षलाई बुझाएपछि बाँकी ................प्रतिशत रकम प्रथम पक्षले दोस्रो पक्षलाई प्रदान गर्नेछ ।प्रथम पक्षले दोस्रो पक्षलाई पारिश्रमीक भुक्तानी गर्दा नेपाल सरकारको प्रचलित नियमअनुसार कर कट्टा गरिनेछ । र, कट्टा गरिएको उक्त कर लेखकको नाममा कर कार्यालयमा भुक्तानी गरिनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

४. द्धितिय पक्षले चलचित्रको स्कृप्ट लेख्दा आफ्नो सिर्जनशिलाता र रचनात्मकताकोउच्चतम प्रयोग गर्दै निर्देशक र निर्माताको प्रत्यक्ष निर्देशनमा रही लेख्नुपर्नेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

५. सम्झौता गरिसकेपछि कुनै विशेष कारणले दोस्रो पक्ष काम गर्न असमर्थ भएमा सम्झौता गर्दा लिइएको पेश्की रकम फिर्ता गर्नुपर्नेछ । र, प्रथम पक्षले दोस्रो पक्षलाई कुनै विशेष कारणवश काम गराउन असमर्थ भएमा पेश्की स्वरुप प्रथम पक्षले दोस्रो पक्षलाई दिएको रकम फिर्ता गर्न दोस्रो पक्ष वाध्य हुने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

६. यस चलचित्र निर्माणको क्रममा प्रथम पक्षले गर्ने रचनात्मक र सिर्जनात्मक भूमिकामा दोस्रो पक्षले कुनै खालका दवाब दिन नपाउने तर सल्लाह सुझावका लागि दुबै पक्ष खुला रहने भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

७. प्रथमपक्ष तथा दोस्रोपक्षले एक अर्काको मान, मर्यादा र प्रतिष्ठामा आँच आउने कार्य गर्नु हुदैन । एक अर्का प्रति जिम्मेवार एवं सम्मानजनक व्यवहार गर्नुपर्ने छ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

८.यस चलचित्रमा तोकिएको कार्य गर्दा दोस्रो पक्षले हाल विद्यमान सरकारी निकायले जारी गरेका वा भविष्यमा जारी गर्ने चलचित्र सम्वन्धी कानुन, नियम वा विनियम लगायत सम्पूर्ण कानुनी व्यवस्थाको पालना गर्नुपर्ने छ । दोस्रो पक्ष उपरको कुनै कानुनी कारवाही, दण्ड, जरिवानका लागि प्रथम पक्ष जवाफदेही हुने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

९.चलचित्रको छायांकनमा जानुपूर्व प्रथम पक्षले आयोजना गर्ने कार्यशालामा दोस्रो पक्ष कम्तीमा दश दिन अनिवार्यसहभागी हुनुपर्नेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

१०.प्रथम पक्षले दोस्रो पक्षलाई उपलव्ध गराएको चलचित्रको स्किृप्ट तथा चलचित्रसँग सम्वन्धित कुनै पनि सूचना सार्वजनिक गर्न अथवा तेस्रो पक्षलाई दिन पाईने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

११.चलचित्र छायांकनको क्रममा प्रथम पक्षको अनुमतिबिना चलचित्रसँग सम्वन्धित कुनैपनि खालका तस्वीर खिचेर सामाजिक सञ्जालमा राख्न अथवा अन्य कुनैपनि संचार माध्यमबाट तिनको प्रचार प्रसार गर्न पाइने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

१२.कुनै कारणले चलचित्रकोछायांकनको क्रममा कथाको मुल मर्म नबिग्रने गरि सामान्य फेरबदल गर्नुपरेमा पटकथा/संवाद लेखकको अनुमति लिन जरुरी हुनेछैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

१३.प्रथम पक्षले कुनै कारणवश सम्झौतामा उल्लेखित चलचित्रको छायांकन सकिनु अगावै वा चलचित्रको जाँच ( सेन्सर) गर्नु पूर्व उक्त चलचित्र अर्को कम्पनी वा संस्थालाई विक्री वा हस्तान्तरण गरेको खण्डमा यस सम्झौता बमोजिमका प्रावधानहरुको सम्पूर्ण दायीत्व चलचित्र हस्तान्तरण गरि लिने कम्पनी वा संस्थाको हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

१४.प्रथम पक्षको लगानीमा निर्माण गरिएको यस चलचित्रको प्रतिलिपि सम्वन्धिको सम्पूर्ण अधिकार तथा यो चलचित्र देश विदेशमा विक्री वितरण गर्दा हुने आम्दानी, चलचित्र भवनमा प्रदर्शन गर्दा हुने आम्दानी, विभिन्न च्यारिटी शोहरुबाट हुने आम्दानी तथा अहिले विद्यमान र भविष्यमा आउने कुनै पनि डिजिटल माध्याम र अन्य कुनैपनि माध्यमबाट हुने कुनैपनि प्रकारको आम्दानी प्रथम पक्षकै हुनेछ भन्ने कुरामा दुबै पक्षबीच सहमति

गरियो । साथै दोस्रो पक्षबाट प्राप्त भएको कामलाई प्रथम पक्षले कुनै पनि माध्यम र भाषामा प्रयोग गर्न पाउनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१५.यो करारको शर्त तथा बन्देजहरु कुनै एक पक्षले उल्लंघन गरेमा मर्का पर्ने पक्षले करारको परिपालना गराई पाउन वा करारको उल्लघंन गर्ने पक्षवाट भएको हानी नोक्सानीको क्षतिपुर्तिको दावी तथा प्रचलनको लागि नेपालको प्रचलित कानून अनुसार सम्वन्धित निकाय मार्फत गरिने छ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१६. यो सम्झौतामा लेखिएको यसै सम्झौताअनुसार र यसमा नभएको कुरामा नेपाल सरकारको प्रचलित ऐन कानुन अनुसार हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१७.यो सम्झौता दस्तखत भएको मिति..................................देखि लागू भई चलचित्रको पटकथा/संवाद लेखन कार्य सम्पन्न नहुन्जेल सम्म कायम रहने छ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः ..................................................... | नामः ....................................................... |
| दर्जाः सञ्चालक/निर्माता | दर्जाः लेखक (कथा/पटकथा/संवाद) |
| कम्पनीको नामः ......................................... | आवद्धताः .................................................. |
| सम्पर्क नम्बरः ........................................... | सम्पर्क नम्बरः ............................................ |
| इमेल ठेगानाः ............................................ | इमेल ठेगानाः ............................................ |
| दा. हस्ताक्षर बा. | दा. हस्ताक्षर बा. |

<u>साक्षीहरुः</u>

(क) .........................................

(ख)..........................................

(ग) मस्यौदाकर्ताः अधिवक्ता–...................................................<br>
प्रमाणपत्र नम्बरः ..........................<br>
इति सम्वत् २०........... साल ................ महिना .... गते ..... रोज शुभम्